आज मिति २०७८ साल फाल्गुण ०२ गते सोमबारका दिन बिर्तामोड नगरपालिकाको ६७ औं बैठक नगर उप-प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न वमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

## उपस्थिति

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्रप्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री विनोद कुमार न्यौपाने

CamScanner

निर्णय नं.१. यस विर्तामोड नगरपालिकाको २०७८ साल फाल्गुण ३ गते हुने आठौं नगरसभामा निम्न कार्यसूची र समय तालिका तय गर्ने निर्णय गरियो ।

| बैठक बस्ने समय | कार्यसूची |
|---|---|
| ८:०० देखी ८:३० | सभा सदस्य ज्यूहरुको उपस्थिति दर्ता |
| ८:०० देखी ८:३० | खाजा |
| ८:३० देखी ८:३५ | बैठक कक्षमा नगर प्रमुखज्यूको आगमन |
| ८:३५ देखी ८:४० | राष्ट्रिय गानको धुन |
| ८:४० देखी ८:४५ | सहिदहरु प्रति १ मिनेट मौनधारण |
| ८:४५ देखी ८:५० | नगर सभा वैठक सुरु भएको घोषणा सभाध्यक्षज्यूवाट |
| ८:५० देखी ९: १०' | विर्तामोड नगरपालिकाको तर्फवाट विधायन समितिका संयोजक श्री गिता घिमिरे पोखेलबाट देहायका विधेयक प्रस्तुत<br>➢ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न वनेको विधयेक-२०७८<br>➢ कृषि पशुपंक्षी तथा मत्स्य विकास विधयेक-२०७८<br>➢ विर्तामोड नगर प्रहरी गठन तथा संचालन विधयेक-२०७८ |
| ९:१० देखी ९:१५ | विधेयक माथिको छलफलको लागि नाम टिपाउने |
| ९:१५ देखी १०:०० | छलफल तथा निर्णय |
| १०: देखी १२:०० | नगर उप-प्रमुखबाट आ.व.२०७८/०७९ को योजना कार्यक्रम तथा वजेट संसोधन र अर्धवार्षिक प्रगति समिक्षा प्रस्तुत |
| १२:०० देखी १:०० | खाना |
| १:०० देखी १:०५ | छलफलका लागि नाम दर्ता |
| १:०५ देखी २:०० | छलफल |
| २:०० देखी २:१० | आ.व.२०७८/०७९ को योजना कार्यक्रम तथा बजेट संसोधन र अर्धवार्षिक प्रगति समिक्षा सुझाव सहित पारित |
| २:१० देखी २:२० | माननीय एकराज कार्कीज्यूवाट संम्वोधन |
| २:२० देखी २:३० | सभाध्यक्षबाट धन्ययवाद मन्तव्य सहित समापन |

निर्णय नं.२. विर्तामोड नगरपालिका वडा नं.२ बस्ने मताल मुर्मुलाई उच्च रक्तचापको उपचारकोलागि रु २० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३. विर्तामोड नगरपालिकामा कार्यरत नगर प्रहरी जवान महेन्द्र पाण्डेलाई ढाडको अप्रेसनको लागि रु ३० हजार दिने निर्णय गरियो ।

CamScanner

निर्णय नं.४. मिति २०७८ पौष २९ गतेको राष्ट्रिय भक्का दिवस कार्यक्रमलाई रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५. आ.व.२०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामकालागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना एवम् युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना अन्तर्गत वडागत रुपमा प्राप्त भएका निम्न आयोजना ज्यालामा मात्र खर्च हुने गरि संचालन गर्ने निर्णय गरियो ।

१. शुक्रराज आधारभूत विधालय घेराबारा मर्मत संभार आयोजना : लागत रकम रु १ लाख ( स्रोत–कामकालागि पारीश्रमिक अनुदान युवा रुप)
२. हर्चना दक्षिण उमानाथ पौडेलको घर छेउमा होली/पैनी तटबन्धन, वडा नं ८ (ज्याला लागत रकम रु २ लाख /स्रोत–कामकालागि पारीश्रमिक अनुदान युवा रुप)
३. धनविर कामट पुल उत्तर तटबन्धन । वडा नं. ९ (ज्याला लागत रकम रु २ लाख /स्रोत–कामकालागि पारीश्रमिक अनुदान युवा रुप)

निर्णय नं.६.बिर्तामोड नगरपालिका वडा नं ४ को महिला सदस्य श्री निर्मला देवी सुनारको पित्त थैली र एपेन्डिक्ससाइटिसको अप्रेसनका लागी रु ६० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७. बिर्तामोड नगरपालिकामा रहेका निम्न बमोजिमका सवारी साधनहरुको भाडा दर निम्न बमोजिम तोकि कार्यान्वयन गर्न सञ्चालन समितिबाट सिफारिस भई आएकाले सोलाई अनुमोदन गरि कार्यान्वयन गर्ने भनि निर्णय गरियो ।

<u>निम्न :</u>

| | | |
|---|---|---|
| १. ग्रेडर | - प्रति घण्टा | रु ४५००।- |
| २. रोलर | - प्रति घण्टा | रु ३५००।- |
| ३. पानि ट्याङकर | - प्रति ट्याङकर | रु ३०००।- |
| ४. ब्याकहोलोडर (जेसिवी) | - प्रति घण्टा | रु २५००।- |

निर्णय नं ८. यस बिर्तामोड नगरपालिकाको १ देखि १० वडाको अति आवश्कीय स्थानमा मिक्स गिटी निम्नानुसार उपलब्ध गराउन सञ्चालन समितिबाट सिफारिस भई आएकाले सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निम्न :</u>

| | |
|---|---|
| १. वडा नं १ | - १५० ट्रिपर |
| २. वडा नं २ | - २०० ट्रिपर |
| ३. वडा नं ३ | - २०० ट्रिपर |
| ४. वडा नं ४ | - २०० ट्रिपर |
| ५. वडा नं ५ | - १५० ट्रिपर |
| ६. वडा नं ६ | - ५० ट्रिपर |
| ७. वडा नं ८ | - १०० ट्रिपर |
| ८. वडा नं ९ | - १५० ट्रिपर |
| ९. वडा नं १० | - १०० ट्रिपर |

निर्णय नं ९. बिर्तामोड नगरपालिका वडा नं.३ बस्ने सान्जो माझिको आफ्नै घरमा आगलागी भै डढेर मृत्यु भएको हुँदा निजको काजकियाको लागि रु १० हजार उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

निर्णय नं १०. बिर्तामोड नगरपालिकाको आ.व. ०७८/७९ को स्वास्थ्य कार्यक्रम अन्तर्गत निशर्त तर्फ विनियोजित बजेट शिर्षक नं १ मा औजार उपरकरण खरीदमा छुट्याईएको रु २०,००,०००।-(बिस लाख) बजेटबाट स्वास्थ्य बिमा फार्मेसी सञ्चालनको लागी औषधी खरीदमा रु ५,००,०००।-(पाँच लाख) र फार्मेसीको लागी सफ्टवेयर खरीदमा रु ४,००,०००।-(चाल लाख) गरी जम्मा रु ९,००,०००/-(नौ लाख) रकमान्तर गरि औषधी र सफ्टवेयर खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं ११. यस बिर्तामोड नगरपालिकालाई आवश्यक पर्ने निम्नानुसारका विधयेकहरु विधयेक समितिबाट सिफारिस भई आएकाले सोलाई आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निम्न:

१. विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको विधयेक-२०७८
२. कृषि पशुपंक्षी तथा मत्स्य विकास विधयेक-२०७८
३. बिर्तामोड नगर प्रहरी गठन तथा सञ्चालन विधयेक-२०७८

निर्णय नं १२. बिर्तामोड नगरपालिकाको आविधिक योजना तर्जुमाको समग्र प्रक्रियालाई निर्देशन र समन्वय गर्न देहाय वमोजिमको एक निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:-

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| नगर उप-प्रमुख | - उप-संयोजक |
| विषयगत समितिका संयोजकहरु | - सदस्य |
| कार्यपालिकाका सबै सदस्यहरु | - सदस्य |
| सबै शाखाका शाखा प्रमुखहरु | - सदस्य |
| कुमार भट्टराई | - सदस्य |
| रुद्र सिटौला | - सदस्य |
| भिमा भट्टराई | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |
| जय तिम्सिना | - सम्पर्क व्यक्ति |

आजको बैठक स-धन्यवाद सहित यही समाप्त गरियो ।

CamScanner